# स्थानीय राजपत्र

## बेसीशहर नगरपालिका द्वारा प्रकाशित

**खण्ड ५, संख्या १, असोज १२ गते, २०७९ साल**


**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा ११, (ज)। १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले यो **बेसीशहर नगरपालिका विपन्न परिवार पहिचान सम्बन्धी कार्यविधि, २०७९** जारी गरेको छ ।

# भाग २

## बेसीशहर नगरपालिका विपन्न घरपरिवार पहिचान सम्बन्धी कार्यविधि -२०७९

**प्रस्तावना :**
नेपालको संविधानमा उल्लेख गरिएको मौलिक हक प्रचलन गर्नु राज्यको दायित्व भएको, नेपालको संविधानद्वारा स्थानीयतहलाई प्राप्त व्यवस्थापकीय र कार्यपालिकीय अधिकार अर्न्तगत स्थानीय क्षेत्रका विपन्न घरपरिवारहरुको पहिचान गरी समतामूलक तवरले सेवा प्रवाहका विभिन्न क्षेत्रमा प्राथमिकता दिन तथा विभिन्न छुट तथा सहुलियतको व्यवस्थापन गर्न बान्छनीय भएकाले **नेपालको संबिधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी** यो कार्यविधि बनाई जारी गरिएको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यबिधिको नाम **विपन्न घरपरिवार पहिचान कार्यविधि -२०७९** रहनेछ ।

**२)** यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई नगर प्रमुखले प्रमाणित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट लागू हुनेछ ।

**३) परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

३.१ "बिपन्न" भन्नाले आफ्नो आर्थिक अवस्था कमजोर भएको, न्यूनतम क्यालोरी पूरा हुने गरी खान नपुग्ने, नियमित स्थायी आम्दानीको श्रोत नभएको, आफ्नो आम्दानीले पर्याप्त खान, लाउन, बस्न शिक्षा, स्वास्थ्य, उपचार गराउन नपुग्ने परिवारलाई जनाउछ ।

## परिच्छेद- २

**४. बिपन्नता पहिचानको आधारहरु:** (१) सामान्यतया विपन्नता पहिचानका आधारहरु देहाय बमोजिम हुनेछ :

(क) परिवारको आफ्नो नियिमित आम्दानीको श्रोत नभएको (परिवारमा आश्रित संख्या,परिवारका सदस्यहरुको रोजगारी तथा स्वरोजगारीको अवस्था, अचल सम्पति र सो को उपयोगको अवस्था) (२०)

(ख) घरको भौतिक अवस्था कमजोर भएको तथा घरायसी सम्पति अवस्था ( घरको स्वामित्व, छाना, पर्खाल, जग, कोठा, घर भएको स्थानको जोखिमको अवस्था, घरभित्र रहेका सामानहरु फोन, इन्टरनेट, सवारी साधन, पशुचौपाया, टिभी, फ्रिज आदि) (२०)

(ग) परिवारका सदस्यहरुको ज्ञान (शिक्षा), सीप, क्षमता तथा स्वास्थ्य, खानपान (पोषण) तथा सरसफाईको अवस्था (२०)

(घ) परिवार विभिन्न कारणले सम्पति सकिएको वा व्यक्तिगत ऋृणबाट ग्रस्त भएको हो वा होइन ? (२०)

(ङ) परिवार सामाजिक तथा भौगोलिकरुपमा भेदभाव तथा बञ्चितीकरणमा परेको हो होइन ( जातीय विभेद, सिमान्तकृत तथा बहिष्करणमा परेको, अधिकारको लागि आवाज उठाउन नसक्ने, विकट स्थानमा बसोबास गरेको आदि) (२०)

**५ बिपन्नताको श्रेणी र मापदण्ड** :

(क)बिपन्नताको श्रेणी तपसिलको बमोजिम हुनेछ :

१) श्रेणी क : अति विपन्न परिवार

२) श्रेणी ख: मध्यम विपन्न परिवार

३) श्रेणी ग : सामान्य विपन्न परिवार

(ख) विपन्ताको मापदण्ड देहाय वमोजिम तय गरिनेछ ।

(१) सूचकहरुको अवस्था विश्लेषणको आधारमा ।

(२) सूचकहरुको आधारमा प्राप्त गरेको जम्मा प्राप्तांकको आधारमा ।

(३) वडास्तरीय समिति र नगरपालिकास्तरीय समितिको संयुक्त बैठकबाट मापदण्ड निर्धारण गरी विपन्न घरपरिवारहरुलाई तीन श्रेणीमा विभाजन गरिनेछ र कार्यपालिका बैठकबाट स्वीकृत हुनेछ ।

## परिच्छेद- ३

## विपन्न पहिचान विधि तथा प्रक्रिया एवं समिति सम्बन्धी व्यवस्था

**६. बिपन्न परिवार सर्भेक्षण विधि र प्रक्रिया :**

**(क)** बिपन्न परिवार छनौटका लागी अनुसूची १ मा उल्लेख भएको विवरणको आधारमा तथ्यांक संकलन गरिनेछ ।

(ख) विपन्न परिवार पहिचानका लागि सम्बन्धित वडाबाट आफ्नो वडालाई बस्ती, टोल तथा क्लष्टरमा विभाजित गरी प्रत्येक बस्ती, टोल वा क्लष्टरमा बढीमा ५ जना बुद्धिजीवी, समाजसेवी तथा जानिफकार व्यक्तिहरु रहेको तथ्यांक संकलन कार्यदल गठन गरिनेछ ।

(ग) तथ्यांक संकलन कार्यदलका सदस्यहरुलाई वडास्तरमा अभिमुखीकरण गरी विपन्न घरपरिवार विवरण संकलन गर्न लगाइनेछ ।

(घ) कार्यदलले आफ्नो बस्ती/टोल/क्लष्टरमा रहेका सम्भाव्य विपन्न घर परिवारहरुको संक्षिप्त सूची तयार गरी सो सूचीमा परेका घरपरिवारहरुको विपन्नता स्तरीकरण गर्नेछन् ।

(ङ) वडास्तरमा संकलन भएको तथ्यांकलाई वडास्तरीय समिति र वडा समितिले अनुमोदन गरी नगरपालिकामा पठाउनु पर्नेछ । नगरपालिकामा रहेको नगरस्तरीय समितिले आवश्यक चेकजाँच तथा प्रशोधन गरी नगरकार्यपालिका बैठकमा पेश गर्नेछ । नगर कार्यपालिकाले स्वीकृत गरेपछि यसले अन्तिम रुप लिनेछ ।

**७. बिपन्न पहिचान कार्यविधिः** (१) बिपन्न पहिचान गर्न **अनुसूची १** अनुसारको ढाँचामा फारम भरिने छ ।

(२) यसरी तोकिएको ढाँचाको फारम भरेको व्यक्ति, परिवारको यर्थात वस्तुगत विवरण एकिन गर्न देहाय बमोजिमको नगरपालिकास्तरीय तथा तथा वडागत समिति गठन गरिने छ ।

**(क) नगरपालिकास्तरीय समिति :**

१.नगर उपप्रमुख संयोजक

२. वडाध्यक्ष वा कार्यपालिका सदस्यहरु मध्येबाट नगरप्रमुखले तोकेको १ जना सदस्य

३. सामाजिक विकास शाखा हेर्ने कार्यक्रम अधिकृत १ जना सदस्य सचिव

**(ख) वडास्तरीय समिति :**

१.सम्बन्धित वडाको वडाध्यक्षः संयोजक

२. वडा सदस्यहरु मध्येबाट वडाध्यक्षले तोकेको १ जनाः सदस्य

३. सम्बन्धित वडाको वडा सचिव : सदस्य सचिव

३) नगरस्तरीय तथा वडास्तरीय समितिको काम, कर्तब्य, अधिकार देहाय बमोजिम हुनेछ :

क) बिपन्न परिवार पहिचान तथा छानबिन गर्ने गराउने ।

ख) बिपन्न पहिचान अभिलेख ब्यवस्थित गर्ने गराउने ।

ग) बिपन्न पहिचानको साथै तिनको ब्यवस्थापन को लागि योजना बनाई नगरपालिकामा सुझाव पेश गर्ने ,

घ) नगर प्रमुख मार्फत कामको प्रतिवेदन न.पा.मा पेश गर्ने ,

ङ) बिपन्न श्रेणी निर्धारण गरी नगर कार्यपालिका समक्ष पेश गर्ने ,

## परिच्छेद- ४

## छनौट र प्रमाणीकरण

८. **विपन्न परिवार प्रमाणीकरणः** १) विपन्न तथा वेरोजगारको प्रमाणीकरण प्रशासकीय अधिकृतले गर्नेछन । प्रमाणीकरण गरिएको अभिलेख प्रशासकीय अधिकृतले नगरप्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

२) दफा ८.१ बमोजिम प्रमाणित भएको विपन्न तथा वेरोजगारको प्रमाणपत्र तोकिए बमोजिमको ढाँचामा रजिष्टरमा रेकर्ड राखी प्रशासकीय अधिकृतले प्रमाणपत्र तथा परिचय पत्रमा प्रमाणित गर्नु पर्नेछ ।

३) परिचय तथा प्रमाण पत्रको झूठा विवरण दिई लिएको ठहर भएमा प्रमाणपत्र दिने अधिकारीले त्यस्तो परिचय तथा प्रमाणपत्र रद्द गर्न सक्नेछन । यसरी रद्द गरिएको परिचय तथा प्रमाण पत्र कारण सहित नगर प्रमूखमा जाहेर गर्नु पर्नेछ । त्यस्तो रद्द गरिएको परिचयपत्र स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

४) प्रमाण तथा परिचय पत्रको मान्यता अवधि ४ बर्षको हुनेछ । प्रत्येक ४ बर्षमा पुनः अध्यावधिक गर्नु पर्नेछ ।

५) विपन्न पहिचानको प्रमाण पत्र र परिचयपत्रको रङ्ग अनुसूची ३ मा उल्लेख भए अनुसार हुनेछ

## परिच्छेद- ५
## सेवा सुविधा

९. प्रमाण पत्र प्रदानः १) सामान्यता विपन्नता प्रमाणपत्र प्रदान गरिएको व्यक्तिका परिवारलाई नगरसभा तथा नगर कार्यपालिका बैठकबाट निर्णय गरी तपशिल बमोजिमको सेवा सुविधा प्रदान गर्न सकिनेछ।

क. स्वरोजगार तथा सीपमूलक सम्बन्धी तालिम तथा प्रविधि हस्तान्तरण

ख. खाद्यान्न तथा गैर खाद्यान्न राहत सामाग्री सहयोग

ग. स्वास्स्थ्योपचारमा सहयोग तथा छुट ।

घ. विद्यालय शिक्षामा छात्रबृत्ति तथा उच्च शिक्षामा सहयोग ।

घ. स्वास्थ्य बिमाको लागि सहुलियत तथा सहयोग

ड. रोजगारको लागि प्रदेश तथा संघमा पहल तथा सहजीकरण,

च. विद्युत लगायत विभिन्न महशुलहरुमा तोकिए वमोजिमको छुट

छ. सेवा प्रवाहमा प्राथमिकता, सहुलियत तथा छुट ।

झ. बैदेशिक रोजगारमा जान इच्छुक भए समुहगत रुपमा निशुल्क तालिमको व्यवस्था गर्ने

१०. लागु हुने अवधीः सेवा सुविधाका सम्वन्धमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्दै जानेछ।

११. विपन्न व्यक्ति परिवारलाई नगरपालिकाले परिचय पत्र उपलब्ध गराउने छ। परिचय पत्रको रंग र किसिम अनुसूची २ मा व्यवस्था भए अनुसार हुनेछ।

# अनूसूची १

## बेसीशहर नगरपालिका, लमजुङ

## विपन्न घरधुरी मापन प्रतिवेदन फाराम

वार्ड नं. टोल/बस्तीको नाम : विवरण संकलन मिति

| क्र. स. | घरमुलीको नाम र थर | | जम्मा परिवार संख्या | विपन्न घरधुरी मापनको सुचक तथा प्राप्तांक | | | | | | कै य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष (श्रीमान) | महिला (श्रीमती) | | परिवारको आफ्नो नियिमित आम्दानीको श्रोत नभएको हो होइन ? (परिवारमा आश्रित संख्या,परिवारका सदस्यहरुको रोजगारी तथा स्वरोजगारीको अवस्था, अचल सम्पति र सो को उपयोगको अवस्था) (२०) | घरको भौतिक अवस्था तथा घरायसी सम्पति कमजोर भएको हो होइन ? (घरको स्वामित्व, छाना, पर्खाल, जग, कोठा, घर भएको स्थानको जोखिमको अवस्था, घरभित्र रहेका सामानहरु फोन, इन्टरनेट, सवारी साधन, पशुचौपाया, टिभी, फ्रिज आदि) (२०) | परिवारका सदस्यहरुको ज्ञान (शिक्षा), सीप, क्षमता तथा स्वास्थ्य, खानपान ( पोषण) तथा सरसफाईको अवस्था कमजोर हो होइन ? (२०) | परिवार विभिन्न कारणले सम्पति सकिएको वा व्यक्तिगत ऋणबाट ग्रस्त भएको हो वा होइन ? (२०) | परिवार सामाजिक तथा भौगोलिकरुपमा भेदभाव तथा बञ्चितीकरणमा परेको हो होइन ( जातीय विभेद, सिमान्तकृत तथा बहिष्करणमा परेको, अधिकारको लागि आवाज उठाउन नसक्ने, विकट स्थानमा बसोबास गरेको आदि) (२०) | जम्मा प्राप्तांक १०० | |
| | | | | | | | | | | |

## अनुसूची २
## परिच्छेद ५ को ११ सँग सम्बन्धित
## विपन्न परिचय पत्र

अतिविपन्न संकट ग्रस्त परिवार

परिचय पत्रको रंग रातो

परिचय पत्र विवरण

नाम, थरः

ठेगानाः

मोवाइल नं :

परिवार संख्याः

विपन्नताको श्रेणीः

मान्य अवधि

जारी मितिः

जारी मितिः

प्रमाणित गर्ने

दस्तखत

नाम, थरः

पद

श्रेणी (क)

अति विपन्न परिवार

रातो

श्रेणी (ख)

मध्यम विपन्न परिवार

नीलो

श्रेणी (ग)

सामान्य विपन्न परिवार

पहेंलो

**आज्ञाले**

**इमनाथ कडेल**

**प्रमुख प्रशासकीय अधिकृत**